स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कलाकार तथा फिल्म निर्माता जितु नेपाल सोमबार जन्मदिन मनाए। उनी अहिले आफ्नो लगानीको फिल्म "आइएम जितबहादुर" प्रवर्धनमा ब्यस्त छन्। कुनैबेला उनीसँग फिल्म निर्माण र अभिनयमा सहकार्य गरेका दीपकराज गिरी, दीपाश्री निरौलासहितका अन्य कलाकारले जितुलाई शुभकामना दिइरहेका छन्। अहिले दीपक-दीपा र जितु अलग अलगरुपमा फिल्म निर्माणमा लागेपनि जन्मदिनजस्ता छेकोमा भने शुभकामना दिइरहेका हुन्छन्।

**आजको विचार...**



काम...

*(दुई पेजमा)*

प्रा. देवीभक्त ढकाल



अभिनेत्री मिरुना मगरले वरिष्ठ अभिनेत्री निरुता सिंहसँगको आफ्नो विशेष भेटको अनुभव सामाजिक सञ्जालमार्फत सेयर गरेकी छन्। उनले बाल्यकालमा निरुतासँग खिचिएको तस्बिर र हालै पुन: भेट हुँदा खिचिएको अर्को फोटो सार्वजनिक गर्दै उक्त क्षणलाई आफ्नो जीवनको अविस्मरणीय अनुभव भएको बताएकी छन्। अभिनेत्री बन्ने कल्पना समेत नगरेको समयमा निरुतासँग भेट भएको स्मरण गर्दै उनले वर्षौंपछि पुन: भेट्दा झन् बढी सम्मान र प्रेरणा प्राप्त गरेको बताएकी छन्।

❐ वर्ष ३१ ❐ अंक ३१९ ❐ २०८३ असार ३ गते बुधबार 17 June 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# रोकिएन अवैध लागूऔषध ओसार-पसार
# दुई दिनमा ३३ जना पक्राउ

**हाम्रा संवाददाता**

**पाल्पा,** असार २/ दुई तिहाईको सरकार आएपछि सिमानाहरुबाट अवैध लागूऔष ओसार-पसार गर्ने कार्य रोकिने अपेक्षा गरे पनि त्यसो हुन सकेको छैन् । अझै पनि सिमानाहरुबाट धमाधम अवैध लागूऔष ओसार-पसार गर्नेहरु भेटिने गरेका छन् ।

नेपाल प्रहरीले अवैध लागूऔष ओसार-पसार गर्नेहरुलाई कडाई गर्दै आएको बताउँदै आए पनि यस्तो गतिविधि रोकिएको छैन् । सोमबार र मंगलबार गरी ३३ जना अवैध लागूऔषध सहित पक्राउ परेका छन् । प्रहरीले देशका विभिन्न स्थानबाट दुई दिनको अवधिमा ३३ जनालाई पक्राउ गरेको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार कैलाली, झापा, बारा, बर्दिया, सिराहा, रूकुम पश्चिम, सुनसरी, मोरङ, सिन्धुली, कञ्चनपुर लगायतका जिल्लाहरुबाट अवैध लागूऔष ओसार-पसार गर्नेहरुलाई पक्राउ गरेको हो ।




कैलारी गाउँपालिका-५ बड्कीपलियाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ सय ८० मिलिग्राम र चरेस जस्तो देखिने पदार्थ ५ ग्राम ९ सय ९० मिलिग्राम सहित २ जनालाई मंगलबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २३ वर्षीय आशाराम चौधरी र २५ वर्षीय अरमान चौधरी रहेका छन् । यस्तै झापाको बिर्तामोड नगरपालिका-५ पुरानो भक्तपुर रोडबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ६ सय २० मिलिग्राम सहित सोही नगरपालिका-६ बस्ने ५० वर्षीय तमिज आलमलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । बाराको जीतपुरसिमरा उपमहानगरपालिका-२२ झोलुङ्े पुलबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब ४ किलो ६ सय ग्राम सहित सोही उपमहानगरपालिका-२२ चकरी बस्ने ३० वर्षीय नाईस बाबु तामाङ समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीले चकरीबाट अमलेखगंजतर्फ आउँदै गरेको ना.२ ह ११६० नम्बरको अटोमा सवार उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै बर्दियाको मधुवन नगरपालिका-५ स्थित १७ नम्बर चोकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ७० मिलिग्राम सहित सोही नगरपालिका-५ गाउँ नम्बर ९ शान्तिपुर टोल बस्ने २३ वर्षीय रमेश चुदारालाई प्रहरीले पक्राउ गरेको छ । यस्तै सिराहाको गोलबजार नगरपालिका-७ चहोर्वाबाट अवैध लागूऔषध गाँजा करिब ५ किलो ७ सय १५ ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-१० बस्ने ३६ वर्षीय रोकेन्द्र बहादुर सुनुवार र भारत पटना धनरूवा ग्राम पंचायत बस्ने ३० वर्षीय रोहित कुमार रहेका छन् । यस्तै रूकुम पश्चिमको त्रिबेणी गाउँपालिका-२ सिम्रुत बजारबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ सय ३० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही गाउँपालिका-२ बस्ने २९ वर्षीय कमल पुन र २० वर्षीय राजन पुन रहेका छन् । यस्तै सुनसरीको बराहक्षेत्र नगरपालिका-१ बगुवा बस्ने ४५ वर्षीय योगेश न्यौपानेलाई नियन्त्रित लागूऔषध स्पास्मो २ सय ९० ट्याब्लेट सहित सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । यसैगरी सुनसरीकै धरान उपमहानगरपालिका-८ गणेश लक्ष्मीमार्गबाट अवैध लागूऔणध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम २ सय १० मिलिग्राम सहित सोही उपमहानगरपालिका-७ बस्ने ३३ वर्षीय बिक्रम उदासलाई सोमबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर र इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

*(... बाँकी अन्तिम पेजमा )*

## संक्षिप्त समाचार

### बी-५२ दुर्घटनामा आठको मृत्यु

**(रासस/एपी)**

**लस एन्जलस,** असार २/दक्षिणी क्यालिफोर्नियाको मोजावे मरुभूमिमा रहेको एडवर्ड्स एयर फोर्स बेसमा परीक्षण उडानका क्रममा अमेरिकी वायु सेनाको बी-५२ बमवर्षक दुर्घटनाग्रस्त हुँदा सवार सबै आठ जनाको मृत्यु भएको छ । टेकअफ गरेको केही समयमै भएको उक्त दुर्घटनापछि विमानमा आगलागी भएको र मरुभूमि क्षेत्रमा ठूलो क्षति पुगेको अधिकारीहरूले पुष्टि गरेका छन् । दुर्घटना सोमबार बिहान करिब ११:२० बजे नियमित परीक्षण मिसनका क्रममा भएको हो । लस एन्जलसको उत्तरमा रहेको उक्त आधारको रनवे नजिकैको मरुभूमि क्षेत्रमा विमान खसेपछि ठूलो मात्रामा कालो धुवाँ उठेको र आपतकालीन टोलीहरू तुरुन्तै परिचालन गरिएको हवाई दृश्यहरूले देखाएका छन् । एडवर्ड्स एयर फोर्स बेसको ४१२ औं टेस्ट विङका उपकमान्डर कर्नल जेम्स हेसका अनुसार विमानमा सरकारी ठेकेदार र वर्दीधारी सैनिकहरू सवार थिए । विमान निर्माता बोइङले पनि आफ्ना दुई कर्मचारी विमानमा रहेको पुष्टि गरेको छ । अधिकारीहरूले सबै आठ जनाको ज्यान गएको र उनीहरूको परिवारलाई जानकारी दिने प्रक्रिया जारी रहेको बताएका छन् ।

## अर्घाखाँची पूर्णखोप सुनिश्चितता



**अर्घाखाँची,** असार २/ अर्घाखाँचीलाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको छ । सन्धिखर्कमा एक औपचारिक कार्यक्रमको आयोजना गरी लुम्बिनी प्रदेश सरकारका स्वास्थ्य मन्त्री रामजी प्रसाद घिमिरेले जिल्लालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरेका हुन् ।

जिल्लाका सबै बालबालिकाले राष्ट्रिय खोप कार्यक्रम अन्तर्गतका आवश्यक खोप प्राप्त गरेको सुनिश्चित गर्दै पूर्णखोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । स्वास्थ्य मन्त्री घिमिरेले जिल्ला खोप समन्वय समितिका संयोजक जीवनारायण कोइराला र सदस्य सचिव कृष्णप्रसाद पोखेललाई पूर्णखोप सुनिश्चितता तथा दिगोपनाको प्रमाणपत्र हस्तान्तरण गरेका थिए ।

प्रमाणपत्र प्रदानसँगै पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा भएको हो । अर्घाखाँची जिल्लालाई २०७१ सालमा पूर्ण खोपयुक्त जिल्ला घोषणा गरिएको थियो । नेपाल सरकारको नियम अनुसार प्रत्येक बर्ष स्थानीय तह हुँदै जिल्ला सुनिश्चितता घोषणा गरिन्छ ।

## लुम्बिनीको बजेटमा स्वास्थ्य क्षेत्रका प्राथमिकता

**लुम्बिनी,**असार २/ लुम्बिनी प्रदेश सरकारले सोमबार प्रदेशसभामा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा स्वास्थ्य सेवातर्फ प्राथमिकता तोकेर बजेट विनियोजन गरिएको छ । प्रदेशको स्वास्थ्य क्षेत्रको विकासका लागि बजेटमा स्वास्थ्य मन्त्रालयको लागि पाँच अर्ब ६५ करोड ७२ लाख विनियोजन गरिएको आर्थिक मामिला तथा योजनामन्त्री कार्कीले बताए ।




यस्तै लुम्बिनी प्रादेशिक अस्पतालमा निर्माणाधीन बहुतले अत्याधुनिक भवन निर्माण लगायत प्रदेशका अन्य महत्वपूर्ण स्वास्थ्य संस्थाहरुको भवन पूर्वाधार निर्माण तथा स्तरोन्नतिका लागि दुई अर्ब १२ करोड विनियोजन गरिएको छ । बजेटमा 'दुर्गममा विशेषज्ञ सेवा : मोबाइल मेडिकल भ्यानबाट स्वास्थ्यमा टेवा' भन्ने नाराका साथ दुर्गम स्थानमा विशेषज्ञ सेवा उपलब्ध गराउन तीन करोड ५० लाख विनियोजन गरिएको उल्लेख छ । यस्तै 'डिजिटल प्रविधिको साथ : दुर्गमका जनतामा प्रादेशिक अस्पतालको हात' भन्ने मूल नाराका साथ लुम्बिनी प्रादेशिक अस्पतालबाट टेलिमेडिसिन सेवा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ । राप्ती प्रादेशिक अस्पताललाई दुई सय शैयाको अस्पतालमा स्तरोन्नति गर्न चार करोड बिनियोजन गरिएको छ । सुरक्षित मातृत्व अभियानमार्फत मातृ मृत्युदर बढी भएका स्थानीय तहका गर्भवतीलाई नि:शुल्क प्रयोगशाला जाँच गर्ने व्यवस्थाका लागि पाँच करोड ३० लाख विनियोजन गरिएको छ । प्रदेश सरकार स्थापनाकै वर्षदेखि तत्कालीन सरकारले लागू गरेको मुटुको भल्भ प्रत्यारोपण, मिर्गौला प्रत्यारोपण र क्यान्सर रोगको उपचारका लागि प्रतिव्यक्ति दुई लाखको सहुलियत कार्यक्रम र नि:शुल्क रक्तसञ्चार सेवालाई यस पटक पनि निरन्तरता दिइएको छ । प्रदेशका सबै अस्पतालहरुमा 'एन्टीरेविज भ्याक्सिन' र सर्पदंश उपचार केन्द्रमा र 'एन्टी स्नेक्स भ्याक्सिन'को नियमित आपूर्ति सुनिश्चित गर्न आवश्यक बजेट विनियोजन गरिएको उल्लेख छ । प्रदेशका खासगरी तराईका जिल्लामा थारु समुदायमा देखिने सिकलसेल एनीमिया, थालासेमिया र हेमोफिलिया रोगको उपचारको लागि औषधि, उपकरण, स्क्रिनिङ, बिमा र सचेतना कार्यक्रमलाई निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरिएको उल्लेख गरिएको छ । अस्पतालहरुमा डायलासिस सेवा, बाँझोपन व्यवस्थापन सेवा, नवजात शिशु सघन उपचार एकाइ, जलन उपचार कक्ष, स्तनपान व्यवस्थापन इकाइको लागि र अस्पतालमा गुणस्तरीय र प्रभावकारी सेवा प्रदान गर्नका लागि चाहिने मेडिकल औजार-उपकरण उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरिएको छ । ***---रासस***

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## खडेरीको चुनौती

पछिल्लो समय नेपालले जलवायु परिवर्तनका कारण चुनौतीको सामना गरिरहनु परेको छ । समयमै वर्षा नहुनु, लामो समयसम्म पानी नपर्नु, तापक्रम बढ्दै जानु र जलस्रोतहरू सुक्दै जानु जस्ता घटनाले खडेरीको समस्या गम्भीर बन्दै गएको संकेत दिएका छन् । खडेरी केवल कृषि क्षेत्रको समस्या मात्र होइन, यो खाद्य सुरक्षा, खानेपानी, ऊर्जा उत्पादन, जनस्वास्थ्य र समग्र आर्थिक गतिविधिसँग प्रत्यक्ष जोडिएको राष्ट्रिय चुनौती हो । नेपालको अधिकांश जनसंख्या अझै पनि कृषि पेशामा निर्भर छ । कृषि उत्पादन मुख्यतः मनसुन वर्षामाथि आधारित भएकाले वर्षा कम हुँदा वा समयमा नहुँदा बाली उत्पादनमा ठूलो असर पर्छ ।

खेतबारी बाँझो हुने, उत्पादन घट्ने र किसानको आयमा कमी आउने अवस्था सिर्जना हुन्छ । यसले खाद्यान्न अभाव तथा मूल्यवृद्धि निम्त्याउने जोखिम पनि बढाउँछ । खडेरी प्राकृतिक घटना भए पनि यसको प्रभाव कम गर्नु मानव प्रयासमा निर्भर हुन्छ । समयमै योजना बनाउने, स्रोतहरूको विवेकपूर्ण उपयोग गर्ने र समुदायस्तरदेखि राष्ट्रिय तहसम्म सचेत तयारी गर्ने हो भने खडेरीको जोखिमलाई धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ । तर यसतर्फ कसैको पनि ध्यान जान सकेको छैन । बढ्दो मरुभूमीकरण र खडेरी विरुद्ध विश्व समुदायमै जनचेतना बढाउन र ऐक्यवद्धता कायम गर्न हरेक वर्ष जुन १७ का दिन विश्व समुदायले यो दिवस मनाउने गर्दछ । यस वर्षको दिवस नेपालसहित विश्वभर मनाइँदै छ । तर हरेक वर्ष दिवस मनाउने गरिए पनि खडेरीको जोखिम कम हुन सकेको छैन । यो अत्यन्तै दु:खको कुरा हो । खडेरीको चुनौती सामना गर्न केवल प्राकृतिक वर्षाको प्रतीक्षा गरेर बस्ने अवस्था अब छैन । दीर्घकालीन योजना र प्रभावकारी तयारी अपरिहार्य बनेको छ । जलस्रोत संरक्षण, वर्षाको पानी संकलन, सिँचाइ पूर्वाधारको विस्तार, जलाधार क्षेत्रको संरक्षण तथा वन व्यवस्थापनमा विशेष ध्यान दिन आवश्यक छ । कृषि क्षेत्रमा कम पानीमा उत्पादन हुने बालीको प्रवर्द्धन, आधुनिक प्रविधिको प्रयोग र किसानलाई समयमै आवश्यक सूचना तथा सहयोग उपलब्ध गराउनु पनि उत्तिकै महत्वपूर्ण छ । सरकारले विपद् व्यवस्थापनका योजनालाई कागजमा सीमित नराखी व्यवहारमा लागू गर्नुपर्छ । स्थानीय तह, समुदाय र सरोकारवाला निकायबीच समन्वय गरी सम्भावित खडेरी प्रभावित क्षेत्रको पहिचान, पानीको स्रोत व्यवस्थापन र राहत तयारीलाई सुदृढ बनाउन जरुरी छ ।

## Opinion @ Social Network

घमन्ड गर्नेलाई गर्न दिनुपर्छ
भुइँ छोडेर उडेको धुलो पनि हावाले छोड्यो भने फेरी भुइँमै आउने गर्छ ।
*(नुर थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Nur.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# 'काम छैन त दाम छैन' कानुन नै आवश्यक



प्रा. देवीभक्त ढकाल

लोकतन्त्रमा संसद् केवल एउटा भवन वा इँटा-माटोको संरचनामात्र होइन, यो करोडौं जनताको साझा आवाज र भरोसाको जीवन्त मन्दिर हो । जहाँ गरिबको आँसुले ओत पाउने कानुन बन्नुपर्ने, जहाँ निमुखाका पीरमर्काले नीतिगत निकास पाउनुपर्ने तर त्यही संसद्मा सधैं असमझदारी, अहंकार, अवरोध र कुस्तीको प्रहसन किन हुन्छ ? संसदीय व्यवस्थालाई संसारकै उत्कृष्ट राजनीतिक व्यवस्था मानिन्छ । अल्पमतलाई आफ्नो कुरा निर्वाध राख्ने र बहुमतलाई शासन गर्ने अवसर दिन्छ । संसद् रचनात्मक बहसको थलो हुनुको साटो सत्तापक्षको अहंकार, दम्भ र प्रतिपक्षको राजनीतिक दाउपेचको बन्धक बन्नपुग्छ तब व्यवस्थाकै मेरुदण्डमाथि प्रश्नचिह्न खडा हुन्छ । नेपालको वर्तमान राजनीतिक परिदृश्यलाई नियाल्ने हो भने तीतो यथार्थ कतै छिपेको छैन । संसद् अवरुद्ध हुनु, चल्न नपाउनु, जनताका आधारभूत आवश्यकताका कानुन अलपत्र पर्नु नियमित आकस्मिकता जस्तै भइसकेको छ । असान्दर्भिक र उट्पट्याङ विषयवस्तुलाई लिएर देशको सर्वोच्च नीति-निर्माण तह ठप्प पारिँदा आमनागरिकमा वितृष्णा जाग्नु स्वाभाविक हो । संसद्भित्रका गतिविधि शब्दहरूको संयोजनमात्र होइन, वर्तमान नेपाली राजनीतिको ऐना र आमनागरिकको मनभित्र गुम्सिएको आक्रोशको अभिव्यक्ति हो । संसद्को प्राण भनेकै त्यहाँ हुने जीवन्त बहस, जनताका समस्यामाथिको चिन्तन, मन्थन नै नीतिगत समाधान हो तर जब संसद् छिद्रान्वेषी अर्थात् असान्दर्भिक राजनीतिक दाउपेच, व्यक्तिगत प्रतिष्ठाको लडाइँ र 'मेरो गोरुको बाह्रै टक्का' भन्ने हठको बन्धक बन्छ तब त्यो भौतिक रूपमा जीवित रहे पनि लोकतान्त्रिक रूपमा निष्प्राण हुनपुग्छ । जहाँ मूर्ति छ तर आस्था हराएको छ । के यस्तो व्यवस्था साँच्चै हाम्रा लागि हो ? संसद् चल्दै नचल्नु वा चले पनि जनताका मुद्दामा केन्द्रित नहुनुले व्यवस्था असफल हुँदै गएको संकेत गर्छ । अन्ततः अधिनायकवाद वा वैकल्पिक अराजकतालाई आमन्त्रण गर्ने खतरा बढाउँछ । संसद् अवरुद्ध भयो भनेर समाचार पड्काउने वा नेताहरूले एकअर्कालाई दोषारोपण गरेर पन्छिने छुट कसैलाई छैन । काम नगर्दा पनि भत्ता र पारिश्रमिक पाइरहने विकृत नियमको अन्त्य, संसद् अवरोधलाई राजनीतिक हतियार बनाउने प्रवृत्तिमाथि कानुनी बन्देज र जनताप्रति उत्तरदायी नहुने सांसदहरुलाई फिर्ता बोलाउन पाउने जस्ता कडा कानुनी प्रावधानमाथि गम्भीर बहस र समीक्षा हुनैपर्छ । श्रमको एउटा शाश्वत नियम छ जसले पसिना बगाउँछ उसले मात्र ज्याला पाउँछ । एउटा सामान्य मजदुर जसले दिनभरि घामपानी नभनी इँटा बोक्छ, यदि उसले काम गरेन भने साँझ उसको चुलो बल्दैन । एउटा राष्ट्रसेवक कर्मचारी जसले कार्यालयको समयमा आफ्नो जिम्मेवारी पूरा गरेन भने उसले स्पष्टीकरण दिनुपर्छ र उसको पारिश्रमिक रोकिन्छ । विडम्बना ! देशको भाग्य र भविष्य कोर्ने जिम्मा

> *संसद्को प्राण भनेकै त्यहाँ हुने जीवन्त बहस, जनताका समस्यामाथिको चिन्तन, मन्थन नै नीतिगत समाधान हो तर जब संसद् छिद्रान्वेषी अर्थात् असान्दर्भिक राजनीतिक दाउपेच, व्यक्तिगत प्रतिष्ठाको लडाइँ र 'मेरो गोरुको बाह्रै टक्का' भन्ने हठको बन्धक बन्छ तब त्यो भौतिक रूपमा जीवित रहे पनि लोकतान्त्रिक रूपमा निष्प्राण हुनपुग्छ । जहाँ मूर्ति छ तर आस्था हराएको छ । के यस्तो व्यवस्था साँच्चै हाम्रा लागि हो ? संसद् चल्दै नचल्नु वा चले पनि जनताका मुद्दामा केन्द्रित नहुनुले व्यवस्था असफल हुँदै गएको संकेत गर्छ । अन्ततः अधिनायकवाद वा वैकल्पिक अराजकतालाई आमन्त्रण गर्ने खतरा बढाउँछ । संसद् अवरुद्ध भयो भनेर समाचार पड्काउने वा नेताहरूले एकअर्कालाई दोषारोपण गरेर पन्छिने छुट कसैलाई छैन । काम नगर्दा पनि भत्ता र पारिश्रमिक पाइरहने विकृत नियमको अन्त्य, संसद् अवरोधलाई राजनीतिक हतियार बनाउने प्रवृत्तिमाथि कानुनी बन्देज र जनताप्रति उत्तरदायी नहुने सांसदहरुलाई फिर्ता बोलाउन पाउने जस्ता कडा कानुनी प्रावधानमाथि गम्भीर बहस र समीक्षा हुनैपर्छ । श्रमको एउटा शाश्वत नियम छ जसले पसिना बगाउँछ उसले मात्र ज्याला पाउँछ । एउटा सामान्य मजदुर जसले दिनभरि घामपानी नभनी ईँटा बोक्छ, यदि उसले काम गरेन भने साँझ उसको चुलो बल्दैन । विडम्बना ! देशको भाग्य र भविष्य कोर्ने जिम्मा पाएका, राज्यको सर्वोच्च तहमा आसीन सांसदहरूले संसद् अवरुद्ध गरे, टेबल-कुर्सी तोडफोड गरे, संसद्मा कुस्ती खेले, बैठकमा अनुपस्थित रहे पनि पारिश्रमिक र भत्ता निर्वाध रूपमा गइरहन्छ ।*

पाएका, राज्यको सर्वोच्च तहमा आसीन सांसदहरूले संसद् अवरुद्ध गरे, टेबल-कुर्सी तोडफोड गरे, संसद्मा कुस्ती खेले, बैठकमा अनुपस्थित रहे पनि पारिश्रमिक र भत्ता निर्वाध रूपमा गइरहन्छ । यो कस्तो न्याय हो ? काम नगर्नेले राज्यको ढुकुटीबाट सेवासुविधा लिइरहने परिपाटीले श्रमको अपमानमात्र गरेको छैन, लोकतन्त्रकै खिल्ली उडाएको छ । यदि काम छैन त दाम छैनको सिद्धान्त सांसदलाई किन लागू नहुने ? सांसदहरूले संसद् अवरोध गरेका दिनको वा काम नगरेका अवधिको पारिश्रमिक र भत्ता रोक्ने कानुनी विधि जहिलेसम्म बन्दैन, संसद्हरुमा जिम्मेवारीबोध किमार्थ पलाउँदैन । जनताले तिरेको करबाट देश चलाउनेहरूले संसद्लाई ठप्प पारेर भत्ता बुझ्नु नैतिक र कानुनी रूपमा अपराध हो । अपराध र अनियमितता रोक्न कानुन बनाउने सर्वोच्च निकायमा काम गर्नेहरुलाई जिम्मेवारी निर्वाह नगरिकन तलबभत्ता बुझाउनेहरु दुबै दोषी हुन् । जब राज्यका संयन्त्रहरू रैती जगाउने होइन, जनता सुताउने माध्यम बन्छन् तब समीक्षा सडकबाट सुरु हुन्छ । संसद्मा बस्नेहरूलाई ऐना हेर्न र आफ्नो अस्तित्वको औचित्य पुष्टि गर्न कडा चुनौती दिएको छ । जहाँ गरिबको आँसु पुछ्ने कानुन बन्नुपर्ने हो त्यहाँ आज राजनीतिक अहंकारको डढेलो लागिरहेको छ । संसद् नागरिकका आधारभूत आवश्यकता (शिक्षा, स्वास्थ्य, आर्थिक न्याय)मा मौन बस्छ र दलगत खिचातानीमा मात्र जलिरहन्छ तब त्यो 'मन्दिर' नभएर स्वार्थको अखाडा बन्नपुग्छ । संसद् बन्धक हुनुभनेको लोकतन्त्रको मुटु रोकिनु हो । संसद् अवरोध हुनु केवल एउटा बैठक रोकिनु होइन, जनताको आवाजलाई जबरजस्ती थुन्नु हो । जबसम्म काम नगर्ने सांसदको सेवासुविधा रोक्ने कडा कानुन नबनेसम्म विकृति रोकिँदैन । संसद्लाई बन्धक बनाएर जनभावनाको हत्या गरिरहने हो भने जनताले यो व्यवस्था र यसका सञ्चालक दुवैलाई इतिहासको कठघरामा उभ्याउनेछन् । जनताबाट उठेको राजस्वले विलासिताको महल ठड्याउने र संसद् ठप्प पारेर पनि उत्सव मनाएझैं भत्ता बुझ्ने जनप्रतिनिधिहरू लोकतन्त्रका सच्चा पहरेदार होइनन् । संसद्मा नीति बनाउनेहरूले आफ्नै सेवासुविधा कटौती गर्ने कानुन सजिलै बनाउँदैनन् । यो विकृतिलाई रोक्न बालेन सरकार जस्ता वैकल्पिक राजनीतिक लहर र जनस्तरको चौतर्फी दबाब अपरिहार्य छ । जसले काम ठप्प ज्याला ठप्पको नियमलाई संसद्को नियमावलीमै समावेश गर्न बाध्य पारोस् । लोकतन्त्रले समानताको वकालत गर्छ तर वर्तमान व्यवस्थामा एउटा शिक्षक, कर्मचारी वा मजदुरले काम नगर्दा ज्याला रोकिने नियम तुरुन्तै आकर्षित हुन्छ । काम रोकिँदा ज्याला रोकिने नियमले वर्गीय विभेदको अन्त्य गर्छ । संसद् अवरोध गर्नु नेताहरूका लागि सस्तो र जोखिममुक्त राजनीतिक हतियार बनेको छ । उनीहरूलाई थाहा छ संसद् अवरुद्ध गरे पनि आफ्नो खल्तीमा आउने सुविधामा एक पैसा घट्नेवाला छैन तर जब काम बन्द त दाम बन्दको कानुनी कोर्रा बर्सिन्छ तब आफ्नै आर्थिक स्वार्थका लागि भए पनि सांसदहरू असान्दर्भिक र उट्पट्याङ विषयमा संसद् बन्द गर्न छाडेर टेबलमा बसेर बहस गर्न बाध्य हुनेछन् । संसद् रोकेर जनताको भविष्यमाथि खेलबाड गर्नेहरूलाई राज्यकोषबाट रित्तो हात फर्काउने दिन नआएसम्म नेपाली राजनीतिमा उत्तरदायित्व र सुशासन केवल एकादेशको कथामात्र हुनेछ । जबसम्म कामचोर जनप्रतिनिधिहरूको खल्तीमा सिधै असर पर्ने कानुन बन्दैन तबसम्म नेपाली संसद्मा नाटकहरू मञ्चन भइरहनेछन् । जनताले तिरेको करको कदर तबमात्र हुन्छ जब संसद्मा पनि काम ठप्प त ज्याला ठप्पको नियम लागू हुन्छ । अन्यथा नयाँ आए पनि पुराना आए पनि सुशासन केवल सत्तामा पुग्ने भऱ्याङमात्र बनिरहनेछ । नियतबस संसद् ठप्प गर्दा पनि पारिश्रमिक नरोकिनुभनेको श्रम र सुशासनको स्थापित विश्वव्यापी सिद्धान्तमाथि प्रहार हो । दलहरूले संसद्लाई आफ्नो राजनीतिक 'बार्गेनिङ टुल' बनाउने र जनताले तिरेको करबाट कामै नगरी 'वैध'रूपमा सुविधा लिइरहने प्रवृत्ति लोकतन्त्रको उपहास हो । जबसम्म संसद् अवरुद्ध गर्ने दल र सांसदहरूलाई काम ठप्प गर्दा ज्याला ठप्प गर्ने कठोर व्यवस्था लागू हुँदैन तबसम्म जनताप्रतिको चरम अराजक प्रवृत्ति र राजनीतिक अनुत्पादकत्वको अन्त्य हुनेछैन । जबसम्म 'काम छैन त दाम छैन'को कानुनको कोर्रा संसद्मा बर्सिंदैन तबसम्म नेताहरू सुध्रिने छैनन् ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्य विस्तारको सम्भावनामा बल मिल्नेछ। कार्यक्षेत्रमा मानसम्मान बढ्नेछ। | **तुला** : कार्यक्षेत्रमा जोखिम युक्त निर्णय नलिनुहोला,पारदर्शिता राख्नुहोस्। |
| **वृष** : व्यक्तिको सहयोग मिल्नेछ। नयाँ कार्यको लागि समय उपयुक्त रहेको छ। | **वृश्चिक** : साझेदारी व्यापारबाट लाभ मिल्नेछ।मनमा असन्तोषको भावना रहनेछ। |
| **मिथुन** : आफ्नो सामानको जिम्मेवारी स्वयं राखौं। संघर्षमा सफलता मिल्नेछ। | **धनु** : नयाँ अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछाडि रहनुपर्ला सचेत रहनुहोस्। |
| **कर्कट** : व्यवसायमा मनग्य लाभ मिल्नेछ। आँटेको काम सम्पादन गर्न सकिएला। | **मकर** : नयाँ अवसर हात लाग्ला। कृषि वा पशुधनमा क्षय हुने सम्भावना रहेको छ। |
| **सिंह** : कार्यक्षेत्रमा पिताको सहयोग मिल्नेछ। नयाँ नोकरीमा सफलता मिल्नेछ। | **कुम्भ** : आवश्यक जानकारी सही समयमा प्राप्त हुनेछ। संवाद उपयोगी रहनेछ। |
| **कन्या** : कार्यक्षेत्रमा नयाँ सम्पर्क पदोन्नतिमा सहायक हुनेछ। धर्मकर्ममा आस्था बढ्नेछ। | **मीन** : ज्ञानसँग सम्बन्धित काममा रुचि रहनेछ। दिन अर्थपूर्ण रहनेछ। |

कला मनोरञ्जन

# बक्स अफिसमा जेठका ६ फिल्म




नेपाली फिल्म क्षेत्रका लागि जेठ महिना पनि त्यति लाभदायक मान्न सकिँदैन । ६ वटा फिल्म प्रदर्शनमा आएको यस महिनाको कुल बक्स अफिस कलेक्सन ३ करोड ५५ लाख ९६ हजार ५२० रुपैयाँ (ग्रस कलेक्सन) मात्र रहेको छ । चलचित्र विकास बोर्डले सार्वजनिक गरेको तथ्याङ्कअनुसार यी फिल्म हेर्न १ लाख २२ हजार ३८० जना दर्शक हलसम्म पुगेका छन् । जेठ महिनामा प्रदर्शनमा आएका फिल्महरूमा 'एक मुठ्ठी बादल', 'लाइफ ड्यामेज', 'काजी', 'मितज्यु', 'रोल नं १' र 'कुम्भ' रहेका छन् । जेठमा प्रदर्शनमा आएका ६ फिल्ममध्ये बक्स अफिस कलेक्सनमा 'रोल नम्बर १' व्यावसायिक रूपमा सबैभन्दा अगाडि देखिएको छ । चलचित्र विकास बोर्डले गत आइतबार राती १२ बजेसम्म सार्वजनिक गरेको रिपोर्टअनुसार यस फिल्मले बक्स अफिसमा १ करोड ३५ लाख १५ हजार ९९३ रुपैयाँ ग्रस कलेक्सन गरेको छ । यो अवधिमा फिल्म हेर्नका लागि कुल ४७ हजार १५१ जना दर्शक हलसम्म पुगेका छन् । विनोद पौडेलको निर्माण र जोन योञ्जनको निर्देशन रहेको यस फिल्ममा मुकुन भुषाल, सुशांक कार्की, रेणु नाथ योगी र सिर्जना अधिकारी मुख्य भूमिकामा छन् । फिल्मले शिक्षा, पारिवारिक सम्बन्ध, विद्यार्थी जीवनका चुनौती र सामाजिक यथार्थलाई भावनात्मक ढंगले प्रस्तुत गरेको छ । दोस्रो स्थानमा रहेको फिल्म 'मितज्यु' ले पनि बलियो व्यापार गरेको छ । फिल्मको कुल व्यवसाय १ करोड ३२ लाख ५३ हजार ३४२ रुपैयाँ रहेको छ । यो अवधिमा यस फिल्मलाई ४६ हजार १५४ दर्शकले हलमा हेरेका छन् । जनक घर्ती मगरको निर्माण तथा अनिल बुढामगरको निर्देशन रहेको यो फिल्म ग्रामीण परिवेश र सम्बन्धको भावनात्मक कथामा आधारित छ । फिल्ममा दयाहाङ राई, सौगात मल्ल र डान्सर तेरिया फौज मगर मुख्य भूमिकामा छन् । 'रोल नं १' र 'मितज्यु' अझै पनि प्रदर्शनरत रहेकाले यिनीहरूको व्यवसाय अझै बढ्न सक्ने देखिन्छ । त्यस्तै, यस महिना प्रदर्शनमा आएको फिल्म 'काजी'को व्यवसाय औसत रह्यो । फिल्मले बक्स अफिसमा कुल ४४ लाख ४८ हजार ६० रुपैयाँ ग्रस कलेक्सन गरेको छ । यस अवधिमा फिल्म हेर्न १४ हजार ३२४ जना दर्शक हलसम्म पुगेका छन् । रामप्रसाद रिजालको प्रस्तुतिमा लक्ष्मण रिजालले निर्देशन गरेको यस फिल्ममा विपिन कार्की र केकी अधिकारी मुख्य भूमिकामा छन् । फिल्मले प्रेमकथा पस्किएको छ । 'काजी'को तुलनामा 'लाइफ ड्यामेज'को व्यवसाय केही कमजोर रह्यो । फिल्मले ३४ लाख ६६ हजार २९० रुपैयाँ ग्रस कलेक्सन गरेको छ । यस अवधिमा फिल्म हेर्ने दर्शकको संख्या ११ हजार ३७१ रहेको छ । पारिवारिक कथालाई फरक तवरले प्रस्तुत गरिएको यस फिल्ममा सुरक्षा पन्त, निमेष श्रेष्ठ र ईशा थापा लगायतको अभिनय छ । यो फिल्म निमेष श्रेष्ठले निर्देशन गरेका हुन् । त्यसैगरी, जेठ महिनामा प्रदर्शनमा आएका मध्ये सबैभन्दा कमजोर व्यवसाय गर्ने फिल्ममा 'एक मुठ्ठी बादल' र 'कुम्भ' देखिएका छन् । फिल्म 'एक मुठ्ठी बादल'ले बक्स अफिसमा मात्र ५ लाख २१ हजार ८२५ रुपैयाँ ग्रस कलेक्सन गरेको छ । यो अवधिमा यो फिल्म केवल १ हजार ५०१ जना दर्शकले हेरेका छन् । फिल्मले नेपाली समाजमा गहिरो गरी जकडिएको दाइजो प्रथा र पारिवारिक जटिलताको विषय उठान गरेको छ । आँचल शर्मा, निशा शर्मा र उषा रजकको मुख्य भूमिका रहेको यो फिल्म साहारा शर्माले निर्देशन गरेकी हुन् । अर्को फिल्म 'कुम्भ'को बक्स अफिस व्यवसाय भने ३ लाख ९१ हजार १० रुपैयाँ मात्र रहेको छ । यस अवधिमा यो फिल्म कुल १ हजार ८७९ जना दर्शकले हेरेका छन् । अशोक आर्यन, सुनील थापा, सुशील पोखरेल लगायतको अभिनय रहेको यो फिल्म रणधीर श्रेष्ठले निर्देशन गरेका हुन् । *-रातोपाटी डटकम*

# कर्णाली सरकारले नेपाली फिल्मलाई एक करोड दिने सहमति भएको छ : ज्ञानेन्द्र शाही




'कर्णाली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव'को तेस्रो संस्करणको मुख्य आकर्षणको रूपमा रहेको 'फिल्म स्टोरी बैंक' प्रतियोगिताको आवेदन दिने समयसीमा थप गरिएको छ । आइतबार काठमाडौंमा आयोजित एक कार्यक्रममा परिमार्जित समय तालिका र विस्तृत नियमहरूबारे जानकारी गराइयो । अब मंसिर १४ गतेभित्र इमेलमार्फत आफ्नो सिर्जना पठाउनुपर्ने आयोजकले जनाएको छ । कर्णाली क्षेत्रका स्थानीय सर्जक, लेखक तथा दूरदराजमा रहेका प्रतिभाहरूबाट भौगोलिक विकटता र सिर्जनात्मक तयारीका लागि थप समय माग भएका कारण आवेदन दिने अवधि थप गरिएको महोत्सवका निर्देशक चक्रबहादुर चन्दले जानकारी दिए । कोही पनि सर्जक यो अवसरबाट नछुटुन् र कथाहरूमा परिपक्वता आओस् भन्ने हेतुले यो निर्णय लिइएको उनले बताए । उनका अनुसार 'फिल्म स्टोरी बैंक' प्रतियोगिताका लागि आह्वान गरिएका कथाहरूमध्ये उत्कृष्ट १५ कथाको छनोट गरिनेछ । छनोट भएका ती कथाका लेखकहरूलाई पटकथा लेखनसम्बन्धी विशेष तालिम दिँदै सर्वोत्कृष्ट तीन कथालाई क्रमश: ५० हजार, ३० हजार र २० हजार रुपैयाँ नगद पुरस्कार र प्रमाणपत्रसहित सम्मान गरिने उनले बताए । प्रतियोगितामा स्वदेश तथा विदेशमा बसोबास गर्ने जुनसुकै उमेर समूहका नेपाली नागरिकले भाग लिन सक्नेछन् । कथा भने पूर्ण रूपमा मौलिक, अप्रकाशित र अनिवार्य रूपमा कर्णाली क्षेत्रको संस्कृति, परम्परा, इतिहास वा सामाजिक यथार्थमा आधारित भई नेपाली भाषामा लेखिएको हुनुपर्नेछ । प्राप्त कथाहरूको नतिजा आगामी २०८३ पुष १६ गते प्रकाशन गरिने जनाइएको छ । उक्त कार्यक्रममा प्रमुख अतिथिको रूपमा उपस्थित भएका प्रतिनिधिसभा सदस्य ज्ञानेन्द्र शाहीले कर्णाली प्रदेश सरकारले नेपाली फिल्म छायांकनका लागि १ करोड बजेट छुट्याउने सहमति भएको जानकारी दिए । 'हामीलाई कर्णाली प्रदेश सरकारले वाचा गरेका छन्, यो वर्ष नेपाली फिल्मकै लागि भनेर १ करोड बजेट छुट्टाउने सहमति छ,' उनले भने । *-फिल्मी खबर डटकम*

# राष्ट्रिय समावेशी म्युजिक अवार्डमा स्रष्टा सर्जकलाई सम्मान



नवौं संस्करणको राष्ट्रिय समावेशी म्युजिक अवार्ड (निम अवार्ड) २०२६मा स्रष्टा सर्जकलाई सम्मान अर्पण गरिएको छ । आइतबार काठमाडौंमा आयोजित विशेष समारोहमा अवार्डसँगै स्रष्टा सर्जकलाई सम्मान अर्पण गरिएको हो । समारोहमा नेपाली संगीत क्षेत्रकी दिग्गज गायिका देविका बन्दनालाई 'रजत साधना सम्मान-२०८२' बाट सम्मानित गरिएको थियो । उनलाई नेपाली संगीत क्षेत्रमा पुऱ्याएको दीर्घकालीन योगदानको कदरस्वरूप उक्त सम्मान प्रदान गरिएको हो । समारोहमा वरिष्ठ अभिनेत्रीहरू बसुन्धरा भुसाल, भुवन चन्द, चैतदेवी, चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी तथा वरिष्ठ कलाकार मोहन निरौला लगायतले बन्दनालाई फूलमाला, खादा र सम्मानपत्र प्रदान गर्दै सम्मानित गरेका थिए । पावर इन्टरनेशनल मिडिया नेपाल (पिम नेपाल)को आयोजना तथा इरा प्रोडक्सन प्रालिको व्यवस्थापनमा सम्पन्न कार्यक्रममा संगीत, साहित्य, पत्रकारिता, कला, शिक्षा तथा सामाजिक क्षेत्रमा योगदान पुऱ्याएका विभिन्न व्यक्तित्वहरूलाई समेत सम्मान गरिएको थियो । गीतकार सुरेश घिमिरे 'विशिष्ट गीतकार सम्मान-२०८२', शिखर जंगम श्रेष्ठ 'संगीत पत्रकारिता पुरस्कार २०८२', कृष्णदेव रूपाखेती 'दिग्दर्शन साधना सम्मान-२०८२', महेशराज थापा 'सामाजिक व्यक्तित्व सम्मान-२०८२' तथा विनोद देवकोटा 'पत्रकारिता सम्मान-२०८२' बाट सम्मानित भए । त्यसैगरी छायाँकार सालिकराम दुलाललाई 'कला सम्मान-२०८२', दीपा थापालाई 'पिम नेपाल शिक्षा सम्मान-२०८२', सचिन भट्टराईलाई 'युवा कलाकारिता सम्मान-२०८२', रणजितकुमार झालाई 'पिम नेपाल संगीतकर्मी सम्मान-२०८२' तथा सुनिता कुबँरलाई 'पिम नेपाल कला सम्मान-२०८२' प्रदान गरिएको थियो । समारोहमा चलचित्र कलाकार संघका अध्यक्ष उत्तम केसी, पूर्वअध्यक्ष रविन्द्र खड्का, जनकदीप पराजुली, शिव परियार, सीताराम पोखरेललगायत कलाकार तथा स्रष्टाहरूको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रमका अध्यक्ष माधवराज खरेल तथा संयोजक कमला जोशी रहेका छन् भने कार्यक्रम निर्देशन सनम कठायतले गर्नुभएको थियो । अवार्डको निर्णायक मण्डलमा सन्तोष श्रेष्ठ, जुगल डंगोल, विजयरत्न तुलाधर, साहस शाक्य, प्रकाश मिश्रा, रमेश दाहाल र आशा भुसाल रहेका थिए । *-इहिमालय टाइम्स डटकम*

"समृद्ध बगनासकाली गाउँको सार: समग्र विकासको दिगो आधार"

बगनासकाली गाउँपालिकाको अनुरोध

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।

प्रकाश पाण्डे — प्रमुख प्रशासकीय अधिकृत
हरि प्रसाद पाठक — उपाध्यक्ष
सरस्वती दर्लामी चिदी — अध्यक्ष

बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# बगनास र तानसेनका कृषकलाई परागसेचन सम्बन्धी तालिम



कृष्ण पोखरेल

**पाल्पा,** असार २/जिल्लाको तानसेन र बगनासकाली गाउँपालिकाका अगुवा कृषकलाई परागसेचन सम्बन्धी तालिम दिइएको छ । हर्ड इन्टरनेशन सहित ५ वटा साझेदार संस्थाहरूको सहयोगमा सञ्चालित नेपाल परागसेचन परियोजना पाल्पाको आयोजनामा अगुवा कृषकहरुलाई परागसेचनका विषयमा एकहप्ते प्रशिक्षक प्रशिक्षण तालिम दिएको हो ।

परागसेन कार्यक्रम तानसेन नगरपालिकाको वडा नं. १, ८ र ११ र बगनासकाली गाउँपालिकाको वडा नं. ३ र ६ मा सञ्चालनमा रहेको छ । परियोजनाले पाल्पामा परागसेचनको अवस्थामा सुधार र दिगो कृषि र जैविक विविधतालाई संरक्षण गर्ने उद्देश्य राखी सन् २०२६ देखी २०२९ सम्म काम गर्ने छ । परियोजनाले ५ वटा वडामा परागसेचन वाहक मौरी, कृषिवालीमा सुन्तला, तोरी र काँक्रोमा परागसेनको अवस्थाको बारेमा पूर्ण रुपमा अनुसन्धानको रुपमा काम शुरु गरेको छ । परियोजनाले कार्यक्रममा सहभागी अगुवा कृषकहरुलाई परागसेचनको महत्व, हालको अवस्था, परागसेचनले मानव स्वास्थ्य र पोषणमा पुऱ्याएको फाईदा, मानव जीवनमा पोषणको महत्वको बारेमा एक हप्ते प्रशिक्षक प्रशिक्षण दिएको छ । तालिममा अगुवा कृषकहरुलाई सुन्तला खेतीको लागि नर्सरी व्यबस्थापन, फुल फूल्ने अवस्थादेखी उत्पादनलाई बजार पुऱ्याउने अवस्था सम्मका विषय बस्तुलाई केन्द्रित गरेर तालिम सञ्चालन गरिएको परियोजना संयोजक कृषि अधिकृत केदार नेपालले बताए । तालिममा परागसेचनमा महत्वपूर्ण भुमिका खेल्दै आएका मौरी, भमरा, तथा पुतलीको विविध विषय र अवस्थाको, मानिसको लागि नभई नहुने पोषण, तथा कृषक आईपिएम पाठशालाको बारेमा अगुवा कृषकहरुलाई प्रशिक्षण गरिएको परियोजनाले प्रमुख नेपालले बताए । तालिममा सुन्तला जात फलफूल विकास केन्द्र पाल्पाका प्रमुख जोगेन्द्र कान्दु, बागवानी विकास अधिकृत,सुदिप देवकोटा, वाली संरक्षण अधिकृत सुरज भारतीले सुन्तला खेतीमा परागसेचनको महत्व, पूर्ण परागसेचनबाट उत्पादनमा हुने बृद्धि लगायतका विषयमा प्रशिक्षण दिएका थिए । एकहप्ते प्रशिक्षक प्रशिक्षण तालिममा लिवर्डका कृषि अधिकृत अनुपम उप्रेती, लाल कुमार जिरेल र सिर्जना खड्का लगायतले सहजीकरण गर्दै बालीनाली, खेतीपातीमा पूर्ण रुपमा परागसेचन नहुँदा मानव जीवन तथा पोषणमा आईपरेका समस्याहरुको बारेमा जानकारी गराएका थिए । तालिम प्रभावकारी भएको अगुवा कृषकहरुले बताएका छन् । तालिम पछि गाउँ-गाउँमा परागसेचनको महत्वबारेमा टोल बस्तीमा छलफल चलाउने तालिममा सहभागी कृषकहरुले बताएका छन् । परागसेचनको महत्व र अवस्थालाई नबुझिकन परम्परागत रुपमा कृषकहरुले खेतीपाती गर्दै आएको अवस्थामा तालिम पछि परागसेचनको महत्व प्रष्ट रुपमा बुझिएको तालिममा सहभागी बगनासकाली गाउँपालिका वडा नं. ६ का अगुवा कृषक तारा प्रसाद बस्यालले बताए । पछिल्लो समय मौरी, भमरा, पुतली जस्ता प्राकृतिक परागसेचकहरूको संख्यामा तीव्र गिरावट आइरहेको छ । खेतीपातीमा रासायनिक विषादीको अनियन्त्रित प्रयोगले परागसेचक कीराहरू मौरी, भमरा र पुतली जस्ता प्राकृतिक किराहरु मर्दै गएका छन् । वन फँडानी, आगलागी, बाढी पहिरो र अव्यवस्थित सहरीकरणका कारण यस्ता जीवहरूको प्राकृतिक बासस्थान नासिदै गएको छ । जलवायु परिवर्तनका कारण तापक्रममा भएको वृद्धि र वर्षाको अनिश्चित चक्रले परागसेचकहरूको जीवनचक्र र फूल फुल्ने समयबीचको तालमेल विग्रिएको छ । विग्रिएको परम्परागत परागसेचन प्रक्रियामा अध्ययन अनुसन्धानबाट ठोस कुरा पत्ता लगाउन परियोजनाले पाल्पाको ५ वटा वडामा काम गरेको जनाएको छ ।

# आज विश्व खडेरीविरुद्धको संघर्ष दिवस मनाइँदै




**पाल्पा,** असार २/आज विभिन्न कार्यक्रम गरी विश्व खडेरीविरुद्धको संघर्ष दिवस मनाईदैछ । बढ्दो मरुभूमीकरण र खडेरीविरुद्ध विश्व समुदायमा जनचेतना फैलाउन र ऐक्यवद्धता कायम गर्नका लागि सन् १९९५ देखि हरेक वर्ष जुन १७ का दिन विश्वभर यो दिवस मनाउने गरिएको छ ।

जलवायु परिवर्तन, वन विनाश, अव्यवस्थित भू-उपयोग तथा प्राकृतिक स्रोतको अत्यधिक दोहनका कारण विश्वका धेरै क्षेत्रहरूमा खडेरी र भूमि क्षयीकरणको समस्या गम्भीर बन्दै गएको विज्ञहरूले बताएका छन् । यसले कृषि उत्पादनमा कमी, खाद्य असुरक्षा, जैविक विविधताको ह्रास तथा जनजीवनमा प्रत्यक्ष असर पारिरहेको छ । यस वर्षको दिवसको अवसरमा विभिन्न सरकारी निकाय, गैरसरकारी संस्था तथा वातावरण संरक्षणमा क्रियाशील संघसंस्थाहरूले भूमि संरक्षण, जलस्रोत व्यवस्थापन र दिगो कृषि अभ्यासलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिएका छन् । नेपालमा पनि पछिल्ला वर्षहरूमा अनियमित वर्षा, लामो सुख्खा अवधि तथा जलवायु परिवर्तनका असरहरू देखिन थालेका छन् । विज्ञहरूले वन संरक्षण, जलाधार क्षेत्रको व्यवस्थापन, वर्षा पानी संकलन तथा दिगो प्राकृतिक स्रोत व्यवस्थापनमार्फत खडेरीको जोखिम न्यूनीकरण गर्न सकिने बताएका छन् । दिवसका अवसरमा सरोकारवालाहरूले भूमि र पानी जोगाउने सामूहिक प्रयासलाई सशक्त बनाउन तथा भावी पुस्ताका लागि स्वस्थ वातावरण सुनिश्चित गर्न सबै पक्षको सक्रिय सहभागिता आवश्यक रहेको बताएका छन् । यो दिवसले खाद्य सुरक्षादेखि वातावरणीय मुद्दा,भू-संरक्षणलगायत विभिन्न विषयमा विश्व समुदायमाझ निरन्तर सन्देश प्रवाह गर्दै आएको छ । जमिनको खण्डीकरण र मानवीय व्यवहारका कारण जलवायु परिवर्तनलाई सहयोग पुगेको छ भने, त्यसको असर प्राकृतिक सम्पदा तथा मानव समुदायमा पर्न थालेको छ । खडेरीलाई प्राकृतिक असरका रुपमा पनि व्याख्या गर्ने गरिएको छ । स्थानीय मौसममा फेरबदल हुँदा भूमिको उत्पादक क्षमता घटेर उर्वर भूमि क्रमश: अनुत्पादक हुन थालेका छन् । संयुक्त राष्ट्र संघको दिगो विकासको लक्ष्यका पुरा गर्नका लागि पनि यो दिवस महत्वपूर्ण मानिएको छ । मानव जनसंख्याको वृद्धिसँगै पछिल्ला शताब्दीमा भूमिको वितरण, विभाजन अनि उपयोग वास्तवमै दु:खदायी तवरले भएको विश्व मानचित्रका लगभग सबै देशहरू खडेरी र मरुभूमी करणको ढिलो-चाँडो जोखिममा छन् ।

## खेलकुद समाचार

# इरान र न्युजिल्यान्डले २-२ गोलको बराबरी खेले



**काठमाडौं,** असार २/विश्वकप फुटबलमा इरान र न्युजिल्यान्डले २-२ गोलको बराबरी खेलेका छन् । खाडी युद्धका कारण यो विश्वकपमा सहभागिता नै अनिश्चित बनेको इरानले मंगलबार आफ्नो पहिलो खेल न्युजिल्यान्डसँग बराबरी खेल्यो । अमेरिकाको लस एन्जलसमा भएको खेलमा न्युजिल्यान्डले दुई पटक अग्रता बनाए पनि जोगाउन सकेन । इजिल जस्टले खेलको ७औं र ५५औं मिनेटमा गोल गरे । इरानका लागि ३२औं मिनेटमा रमनी रेजाइन र ६४औं मिनेटमा मोहम्मद मोहेवीले गोल गरे । दुवै टोलीले अङ्क बाँडेका छन् । समूह 'जी' कै यसअघि भएको पहिलो खेलमा बेल्जियम र इजिप्टले पनि बराबरी खेल्दै एक/एक अङ्क बाँडेका छन् । इजिप्टले १९औं मिनेटमा इमाम आशौरको गोलमार्फत अग्रता लिएको थियो । तर दोस्रो हाफको ६६औं मिनेटमा इजिप्टका मोहम्मद हानीको उपहार गोलबाट बेल्जियम हारबाट जोगियो ।

## अर्थ/कर्पोरेट समाचार

# सेयर बजारको घट्दो क्रम कायमै



**पाल्पा,** असार २/सेयर बजारको घट्दो क्रम कायमै रहेको छ । यस अघि विहिबार, शुक्रबार र सोमबार घटेको सेयर बजार मंगलबारको पनि कायमै रहेको हो ।

मंगलबार सामान्य अंकले घटेर बन्द भएको छ । नेप्से परिसूचक ६ दशमलव ३१ अंकले घटेर २ हजार ७ सय ५ दशमलव ४५ विन्दुमा झरेको छ । अघिल्लो दिन सोमबार नेप्से परिसूचक १२ दशमलव २६ अंकले घटेर २ हजार ७ सय ११ दशमलव ७६ विन्दुमा अडिएको थियो । यसदिन ३५५ स्क्रिप्सको १ करोड ७ लाख ८ हजार ५९६ कित्ता सेयर ४ अर्ब ४ करोड ७८ लाख ५८ हजार ८४ रुपैयाँमा खरिदबिक्री भए । कारोबार रकमका आधारमा आँखु खोला जलविद्युत कम्पनी शीर्ष स्थानमा रह्यो । सो कम्पनीको ३१ करोड मूल्य बराबरको कारोबार भयो । सिद्धार्थ बैंकले १८ करोडको कारोबार गर्दा रिलायन्स स्पिनिङ्ग मिल्सको १५ करोड,रावा इनर्जी डेभलपमेन्टको १३ करोड र बुंगल हाइड्रोको १२ करोडको सेयर कारोबार भयो । यसदिन दुईवटा कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । सोपान फर्मास्युटिकल्स र अपोलो हाइड्रोपावरको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । कारोबारमा आएकामध्ये ८० वटा स्टक्सको मूल्य बढ्दा १७७ वटाको घट्यो । बाँकी १५ वटा स्टक्सको मूल्य स्थिर रह्यो । दुईवटा समूहको उपसूचकबाहेक बाँकी अरु समूहको उपसूचक नकारात्मक देखिए । म्युचुअल फण्ड र ट्रेडिङ समूहको उपसूचकबाहेक बाँकी अरु समूहका उपसूचक घटेका हुन् ।

# रोकिएन अवैध ...

...यसैगरी सुनसरीकै कोशी गाउँपालिका-१ लौकहीबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्रम ६० मिलिग्राम र नियन्त्रित लागूऔषध नाइट्राजेपाम १२ ट्याबलेट सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सप्तरी कञ्चनरूप नगरपालिका-९ बस्ने २१ वर्षीय शिवनारायण महत्तो र २४ वर्षीय प्रदिप यादव रहेका छन् । यसैगरी सुनसरीको इटहरी उपमहानगरपालिका-२ पिपल चोकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ २ सय मिलिग्राम सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा इटहरी उपमहानगरपालिका-२ बस्ने २८ वर्षीय सरोज तामाङ, ३४ वर्षीय मोहन परियार, सोही उपमहानगरपालिका-५ बस्ने ३४ वर्षीय सुमन पासवान, सोही उपमहानगरपालिका-१ बस्ने २९ वर्षीय दिपेश राना मगर र २२ वर्षीय सक्षम केसी रहेका छन् । मोरङको धनपालथान गाउँपालिका-४ कर्सियाबाट अवैध लागऔषध गाँजा करिब ८ सय ग्राम सहित सोही ठाउँ बस्ने ४० वर्षीय गोपाल सहनीलाई प्रहरीले पक्राउ गरेको छ ।

यसैगरी मोरङकै विराटनगर महानगरपालिका-१५ स्थित एक नम्बर ढाँटबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब १ ग्राम ७ सय ७० मिलिग्राम सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कटहरी गाउँपालिका-३ बस्ने ३१ वर्षीय कमल कुमार राम, पथरी शनिश्चरे नगरपालिका-८ बस्ने २५ वर्षीय शंकर माझी र सुनसरी दुहबी नगरपालिका-८ बस्ने २५ वर्षीय संदिप कार्की रहेका छन् । यस्तै झापाको शिवसताक्षी नगरपालिका-३ भोटे पुल बस्ने २७ वर्षीय बीरगंज आङदम्बेलाई नियन्त्रित लागूऔषध स्पारेष्ट ९६ ट्याब्लेट र ट्रामाडोल ९५ ट्याब्लेट सहित प्रहरीले पक्राउ गरेको छ । यसैगरी झापाकै बिर्तामोड नगरपालिका-३ सैनिकमोडबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ सय मिलिगग्राम सहित सोही नगरपालिका-४ डेरा गरी बस्ने सोही नगरपालिका-३ घर भएका ३९ वर्षीय गणेश प्रसाद ओलीलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरीले प्र.१-०१-००३ ह ०४०८ नम्बरको सिटि सफारीलाई जाँच गर्ने क्रममा उक्त पदार्थ फेला पारी चालक गणेशलाई पक्राउ गरेको हो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## पुन: अनलाईन फारम भर्ने बारे सूचना

यस तानसेन स्कूल अफ हेल्थ साईन्स, तानसेन, पाल्पामा **सि एम एल टि संकायमा पुर्ण शुल्किय कोटा तर्फ १२ सिटहरु** रिक्त रहेकाले एसईई पास भइ पढ्न ईच्छुक बिद्यार्थीहरुले सुचना प्रकाशित मितिले १० दिन भित्र अनलाईन फारम भर्नुहुन तथा यस बिद्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

online form submission link: https://itms.ctevt.org.np

**तानसेन स्कूल अफ हेल्थ साईन्स**
**तानसेन, पाल्पा**
फोन: ०७५-५२०१६६

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई